**पोखरा विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र संकाय**
**स्नातकोत्तर र एमफिल तहका कार्यक्रमहरुमा २०२१ सेप्टेम्वर सेसनको**
**छात्रवृत्ति सम्बन्धि विस्तृत जानकारी**

**(प्रथमपटक प्रकाशित मिति २०७८/०५/१४ गते सोमवार, कान्तिपुर राष्ट्रिय दैनिक)**

पोखरा विश्वविद्यालय अन्तर्गतका आङ्गिक (स्वीकृत भर्ना कोटाको २०%) तथा सम्बन्धन प्राप्त (स्वीकृत भर्ना कोटाको १०%) कलेज तथा शिक्षण संस्थाहरुमा देहाय बमोजिमका कार्यक्रम तथा देहाय अनुसारको निःशुल्क छात्रवृत्तिको लागि खुल्ला प्रतियोगिताबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ । प्राप्त हुने सिट संख्या मध्ये ६० प्रतिशत खुल्ला र ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदाय छात्रवृत्तिको लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुल्ला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५०/५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

पोखरा विश्वविद्यालयको छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ अनुसार विश्वविद्यालयलाई प्राप्त हुन जाने निःशुल्क छात्रवृत्ति कोटामा सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसइइ वा एसएलसी उर्त्तीण गरेका आवेदक बिद्यार्थीहरु मध्ये छात्रवृत्ति छनौंट समितिले संचालन गरेको छनौंट प्रवेश परीक्षाको योग्यताक्रम सूचिमा समावेश भएका सफल उम्मेदवारहरुलाई नियमानुसार वितरण गरिनेछ । यसरी वितरण गरिसकेपछि पनि कोटा रिक्त रहेमा सार्वजनिक तथा संस्थागत विद्यालयमा अध्ययन गरी एसइइ. वा एसएलसी उर्त्तीण गरेका योग्यताक्रम सूचिमा समावेश भएका विद्यार्थीहरुबाट प्राप्त आवेदनहरुका आधारमा नियमानुसार खुल्ला छात्रवृत्ति सरह छात्रवृत्ति वितरण गरिनेछ । साथै संस्थागत वा निजी विद्यालयमा अध्ययन गरी एसइइ वा एसएलसी उर्त्तीण गरेका आवेदक विद्यार्थीहरुले कुनै पनि प्रकारका सिफारीस पत्र पेश गर्नुपर्ने छैन । सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसइइ वा एसएलसी उर्त्तीण गरेका आवेदक बिद्यार्थीहरुले खुल्ला छात्रवृत्ति, स्थानिय छात्रवृत्ति, दलित छात्रवृत्ति, जनजाति छात्रवृत्ति, दुर्गम छात्रवृत्ति, अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति र मधेसी समुदाय छात्रवृत्तिमा आवेदन गर्दा अनिवार्य रुपमा संलग्न बमोजिमको अनुसूचि-२ अनुसारको ढाँचामा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरेको पुष्टी हुने कागजात पेश गर्नुपर्ने छ।

**१. छात्रवृत्तिको प्रकारः**

**क**) खुल्ला छात्रवृत्ति **ख**) स्थानिय छात्रवृत्ति **ग**) दलित छात्रवृत्ति **घ**) जनजाति छात्रवृत्ति **ङ**) दुर्गम छात्रवृत्ति **च**) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति **छ**) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज**) मधेसी समुदाय छात्रवृत्ति ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम र छात्रवृत्ति कोटा सम्बन्धी जानकारीः**

a) Master of Development Studies (MDEVS), - 5 Seats (SDSE, Pokhara)
b) Master of Arts in English – 3 Seats (IACER, Kathmandu)
c) MPhil in English – 3 Seats (IACER, Kathmandu)

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) स्नातकोत्तर तहमा आवेदन दिनकालागि स्नातक तह वा सो सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट उत्तीर्ण भएको मितिले ३ वर्ष भन्दा बढी अवधि (शैक्षिक प्रमाण पत्रमा उल्लेख भएको Completion Date बाट छात्रवृत्तिको सूचनामा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन् । तर शैक्षिक प्रमाण पत्रमा Completion Date (Year-Month-Date) प्रष्ट नखुलेको अवस्थामा सम्बन्धित परीक्षाबोर्ड/परीक्षा नियन्त्रण कार्यालयले नै Completion Date (Year-Month-Date) खुलाएको प्रमाणित कपी सम्बन्धित उम्मेदवारले अनिवार्य दरखास्त साथ पेश गर्नुपर्नेछ । एमफिल तहकालागि स्नातकोत्तर तह पस्चातको कुनै समयसिमा लाग्ने छैन ।

(ग) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम जिल्ला/क्षेत्र भनि तोकेको (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) जिल्ला/क्षेत्र मा स्थायी बसोबास गरी सोही जिल्ला/क्षेत्र को सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनगरी प्रवेशिका परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ । स्थायी बसोबासको सिफारिस पनि सम्बन्धित स्थानिय तहबाट ।

(घ) दलित आरक्षण सिटको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित स्थानिय तहबाट/जनजातिका लागि आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा वा सम्बन्धित स्थानिय तहबाट । अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहीद परिवारका

छोराछोरीको हकमा समेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट । मधेशी आरक्षण सीटका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भए अनुसारको जातिहरु हुनुपर्नेछ ।

(ङ) स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरु पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गर्ने नागरिक हुनुपर्नेछ र यो छात्रवृत्ती प्राप्त गर्नेले पोखरा विश्वविद्यालयको आंगिक स्कुलमा अध्ययन गर्नुपर्नेछ । विश्वविद्यालयको निर्णय अनुसार यस स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरु मध्ये सबैभन्दा उच्च अंक प्राप्त गर्ने उम्मेदवारलाई स्थानिय छात्रवृत्तीका लागि छनोट गरिनेछ र अन्य उम्मेदवारहरुका हकमा निजहरुको मेरिट अंकका आधारमा नियमानुसार खुल्ला छात्रवृत्तीमा समावेश गरिनेछ ।

(च) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ । साथै आवेदकले आफ्ना अभिभावक पो.वि. सेवामा कार्यरत रहेको परिचय खुल्ने परिचय पत्रको फोटोकपी, अभिभावक कार्यरत सम्बन्धित कार्यालयको सिफारिस पत्र र पो.वि. सेवामा कार्यरत अभिभावक सँगको नाता खुल्ने नाता प्रमाणित प्रमाणपत्र स्थानिय तहबाट सिफारिस भएको कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**४.उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

**४.१** सरकारी सामुदायिक विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) स्थानिय छात्रवृत्तिको लागी आवेदन दिने उम्मेदवारहरुले पोखरा महानगरपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको सम्बन्धित स्थानिय तहबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(घ) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ङ) स्नातकोत्तर तहमा आवेदन दिनकालागि स्नातक तह वा सो सरह र एमफिल तहमा आवेदन दिनकालागि स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(च) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(छ) जनजातिले आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित स्थानिय तहबाट आदिवासी/जनजाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ज) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित स्थानिय तहबाट दलित जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(झ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेशी जाती भनि उपलब्ध गराएको प्रमाणित प्रतिलिपि,

(ञ) वेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको प्रमाणित प्रतिलिपि

**४.२** संस्थागत वा निजी विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरुले दरखास्त साथ देहायका स्वयंले प्रमाणित गरेका प्रमाणित प्रतिलिपि कागजातहरु पेशगर्नु पर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एसइइ वा एसएलसी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) स्नातकोत्तर तहमा आवेदन दिनकालागि स्नातक तह वा सो सरह र एमफिल तहमा आवेदन दिनकालागि स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

**५.माथि भनिएका कागजातहरुको अतिरिक्त देहायबमोजिमको सिफारिस पत्र सक्कल (Original Documents) पेश गर्नुपर्नेछः**

(क) स्थानिय छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरूले पोखरा महानगरपालिकाको स्थायी बासिन्दा भएको विवरण खुलाई पोखरा महानगरपालिका कार्यालयबाट वा सम्बन्धित वडा कार्यालयबाट,

(ख) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको सम्बन्धित जिल्ला समन्वय समिति वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, वा सम्बन्धित स्थानिय निकायबाट

**६. दरखास्त फाराम पाउने र बुझाउने स्थानः** मानविकी तथा सामाजिक शास्त्र संकाय, पोखरा विश्वविद्यालय, पोखरा ३०, कास्की ।

नोट : दरखास्त फाराम पोखरा विश्वविद्यालयको वेबसाईट www.pu.edu.np बाट पनि Download गर्न सकिनेछ ।

**७. दरखास्त दस्तुरः** छात्रवृत्तिका लागि आवेदकहरुले दरखास्त दस्तुर रु. १,०००। (अक्षेरुपी एकहजार मात्र) कामना सेवा विकास बैंक लि. को पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायको नाममा कामना सेवा विकास बैंक लि. मा रहेको खाता नं. ०१७००३००२११४७०००००१ मा जम्मा गरी सो बैंक भौचर सहित दरखास्त फाराम बुझाउनु पर्नेछ। छात्रवृत्ति दस्तुर सहित बुझाएको आवेदन फारम कुनै पनि कारणले अस्वीकृत हुन गएमा रकम फिर्ता हुनेछैन ।

आवेदक विद्यार्थीहरुले पोखरा विश्वविद्यालयको छात्रवृत्ति सम्बन्धि नियम र प्रकाशित सूचनाहरुको विस्तृत अध्ययन गरी, आफु स्पष्ट भएर मात्रै आवेदन दिनुहुन अनुरोध गर्दछौ ।

**८. फाराम वितरण** : २०७८/०५/१४ गते देखि
**९. दरखास्त दिने अन्तिम मिति** : २०७८/०५/२८ गते (कार्यालय समयभित्र)
**१०. परीक्षा हुने मिति** : २०७८/०५/२९ गते
**११. परीक्षाको किसिम** : लिखित (वस्तुगत)
**१२. लिखित परिक्षा लिईने विषयहरु :**

i) Master of Development Studies (MDEVS) का लागि
(a) Verbal Reasoning (40); (b) Logical and Critical Reasoning (30); (c) Quantitative Ability (30); (d) General Knowledge (50)

ii) MA in English र MPhil in English का लागि
(a) Verbal Reasoning (50); (b) Logical and Critical Reasoning (50); (c) General Knowledge (50)

**१३. लिखित परीक्षाको समय :** दिउसो १ बजे देखि ४ बजे सम्म (३ घण्टा) ।

**१४. परीक्षा केन्द्र** : स्कूल अफ डेभलपमेण्ट एण्ड सोसल ईन्जिनियरिंग, मानविकी तथा सामाजिक शास्त्र संकाय, पोखरा विश्वविद्यालय, पोखरा ३०, कास्की ।

**सम्पर्कको लागि**
मानविकी तथा सामाजिक शास्त्र संकाय, पोखरा विश्वविद्यालय, पोखरा ३०, कास्की ।
फोनः ०६१-५०४०७८, मोवाईलः ९८४६४०६४५९, इमेलः dean.fhss@pu.edu.np

**स्नातकोत्तर तथा एमफिल तह छात्रवृत्ति छनौंट समिति, २०७८**
**मानविकी तथा सामाजिक शास्त्र संकाय**
**पोखरा विश्वविद्यालय, पोखरा-३०, कास्की ।**

**अनुसूची-२**
(नियम ११ (२) को खण्ड (घ) र (च) सँग सम्बन्धित)

श्रीमान् संयोजकज्यू
स्नातकोत्तर तह/एमफिल तह छात्रवृत्ति छनौट समिति
पोखरा विश्वविद्यालय ।

विषयः- **कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरेको प्रमाणित सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा श्री ............................ को नाति/नातिनी श्री ................ को छोरा/छोरी .................... जिल्ला ........................ मनपा./उपमनपा/नपा/गापा वडा नं.............. स्थायी ठेगाना भएको श्री......................... ले तपसिल बमोजिमको सार्वजनिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेको व्यहोरा प्रमाणित गर्दछु ।

**तपसिल**

| **क्र. सं.** | **सार्वजनिक विद्यालयको नाम** | **ठेगाना** | **अध्ययन गरेको कक्षा** | | **उत्तिर्ण साल** |
|---|---|---|---|---|---|
| | | | **देखि** | **सम्म** | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उल्लेखित विवरण ठीक साँचो हो । झुठो ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

दस्तखतः
उम्मेदवारको नाम, थरः
मितिः
मो.नं.

दस्तखतः
प्रधानाध्यापकको नाम, थरः
मितिः
मो.नं.

दस्तखतः
शिक्षा प्रमुखको नाम, थरः
स्थानीय तहः
मितिः
मोवाइल नं.
कार्यालयको छापः

**नोटः** अन्य कक्षाहरु फरक सार्वजनिक विद्यालयबाट उत्तीर्ण गरेको भए पनि कक्षा १० मा अध्ययन गरेको विद्यालयको प्रधानाध्यापकबाट प्रमाणपत्र हेरी प्रमाणित गराउने ।